# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड २) मुसिकोट,गुल्मी, फाल्गुण ३० गते,२०७५ साल (संख्याः ११

# भाग-१

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको नगर प्रहरी ऐन २०७५

मुसिकोट नगरपालिकामा नगर प्रहरीको संचालन एवं परिचालन कार्यलाई व्यवस्थित बनाउनु पर्ने आवश्यकता रहेकोले नेपालको संविधानको धारा ५७(४) र अनुसूचि ८ मा भएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगरपालिकाको नगर सभाले बनाएको देहाय वमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको नगर प्रहरी ऐन २०७५

**प्रस्तावनाः**

स्थानीय सरकारका रुपमा मुसिकोट नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यमा सहयोग पु¥याउँदै नगरभित्र सुव्यवस्था कायम गर्न तथा नगरपालिकाको निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउन नगर प्रहरीको संचालन एवं परिचालन कार्यलाई व्यवस्थित बनाउनु पर्ने आवश्यकता रहेकोले नेपालको संविधानको धारा ५७(४) र अनुसूचि ८ मा भएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " मुसिकोट नगरपालिकाको नगर प्रहरी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा –

क. "प्रमुख" भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ख. "उप प्रमुख" भन्नाले मुसिकोट नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

ग. "नगर कार्यपालिका" भन्नाले मुसिकोट नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

घ. "नगर सभा" भन्नाले मुसिकोट नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

ङ. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

च. "नगर प्रहरी ऐन" भन्नाले "मुसिकोट नगरपालिकाको नगर प्रहरी ऐन २०७५" सम्झनु पर्दछ ।

छ. "कार्यालय" भन्नाले मुसिकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मुसिकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

झ. "नगर प्रहरी" भन्नाले मुसिकोट नगरपालिकाको नगर प्रहरी प्रमुख र अन्य नगर प्रहरी समेत लाई जनाउँदछ ।

२. **नगर प्रहरीको व्यवस्थाः (१)** मुसिकोट नगरपालिकाको छुट्टै नगर प्रहरी रहनेछ जसलाई मुसिकोट नगर प्रहरीको नामले समेत चिनिनेछ

(२) नगर सभाबाट विनियोजित बजेटको सीमा भित्र रही कार्यालयले नगरकार्यपालिकाको निर्णयबाट आवश्यक संख्यामा नगर प्रहरी सेवा करारमा लिन सक्नेछ ।

३. **नगर प्रहरीको सञ्चालन एवं परिचालनः (१)** कार्यालयले नगर प्रहरीको नेतृत्व एवं परिचालन गर्ने कम्तीमा प्रहरी सहायक निरीक्षक बराबरको एक जना नगर प्रहरी प्रमुख सेवा करारमा लिन सकिनेछ ।

(२) नगर प्रहरीको प्रभावकारी परिचालनका लागि २ जना नगर प्रहरी हवल्दार सेवा करारमा लिन सकिनेछ ।

(३) नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरीवेक्षण, नियन्त्रण र निर्देशनको अधीनमा रही कार्य गर्नेछ र दैनिकरुपमा नगर प्रहरीबाट भए गरेको कार्य सम्पादनको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष दिनेछ ।

(४) प्रत्येक नगर प्रहरी र नगर प्रहरी हवल्दारले नगर प्रहरी प्रमुखको प्रत्यक्ष सुपरीवेक्षण, नियन्त्रण र निर्देशनको मातहत रही कार्य गर्नेछ । नगर प्रहरीले पालन गर्नु पर्ने अनुशासन एवं आचरण उल्लंघन गर्ने नगर प्रहरीलाई नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई अनुशासनात्मक सजाय दिन सक्नेछ ।

(५) नगरपालिकाको कामको सिलसिलामा नगरपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको पालन गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ।

(६) नगर प्रहरीको ड्युटीको खटन पटन तथा अन्य जिम्मेवारीको बाँडफाँड नगर प्रहरी प्रमुखले गर्नेछ र सोको जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई दिनेछ ।

४. **कार्य विवरण** ः (१) ऐनको दफा ११(२) को खण्ड(क) को (२) मा उल्लेखित कार्यहरुमा कार्यालयले नगर प्रहरी परिचालन गर्नेछ । साथै, कार्यालयले आवश्यक ठानेको कार्यालयको अन्य काममा समेत नगर प्रहरी खटाउन सकिनेछ ।

(२) नगर प्रहरीलाई कार्यालयले जुनसुकै समय जुनसुकै बखत काममा लगाउन सक्नेछ।

(३) नगर प्रहरी प्रमुखले नगर प्रहरीको हाजिरी, बिदा तथा ड्युटी रोस्टरको अभिलेख अद्यावधिक गरी राख्नेछ ।

५. **आचरणः** (१) नगर प्रहरीले देहायको आचरणहरु पालन गर्नु पर्नेछः

क. नगर प्रहरीले प्रचलित कानून तथा नगरपालिकाको निर्णय, नीति नियमको पालन गर्नु पर्नेछ।

ख. प्रहरीले पालन गर्नु पर्ने समय तथा आज्ञापालन लगायत अन्य अनुशासन सम्बन्धी कुरा पालन गर्नु पर्नेछ ।

ग. नगर प्रहरीले कामको सिलसिलामा सुपरीवेक्षक वा सम्बन्धित माथिल्लो अधिकृतले दिएको आदेशको पालन गर्नु पर्नेछ।

घ. नगर प्रहरीले नगरपालिकाका कर्मचारी, सेवाग्राही तथा नगरवासीप्रति सम्मान र आदर भाव राख्नु पर्नेछ ।

मुसिकोट राजपत्र

ङ. स्वच्छ चरित्र एवं आचरणयुक्त हुन पर्नेछ ।

च. ड्युटीमा खटिएको समयमा पान, गुट्खा, सूर्तिजन्य पदार्थ वा मद्यपान गर्नु हुँदैन ।

छ. नगरपालिका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु गराउनु हुँदैन ।

ज. नगर प्रहरीले राजनीति वा राजनैतिक गतिविधि, धर्ना, जुलुसमा सामेल हुनु हुँदैन।

झ. आफूलाई तोकिएको जिम्मेवारी र कर्तव्य निष्पक्षता एवं निर्भीकतापूर्वक निर्वाह गर्नु पर्दछ ।

६. **पोशाक, चिन्ह आदि** ः नगर प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक, किसिम, सोको रंग तथा निजले धारण गर्ने सुरक्षा तथा सञ्चारका साधन कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।

७. **संचार सेट** ः नगर प्रहरीको कार्य सम्पादन प्रभावकारी बनाउन कार्यालयले आवश्यक संचार सेट लगायतका आवश्यक साधन उपलब्ध गराउन सक्नेछ ।

८. **निरीक्षणः** नगरपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको ड्युटीको जुनसुकै बखत निरीक्षण गर्न र आवश्यक ठानेको निर्देशन दिन सक्नेछ ।

९. **आवासः** नगर प्रहरीलाई ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

१०. **पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधाः** (१) नगर प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सेवा शर्त, सुविधा कार्यालयले तोके बमोजिम वा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करार म्याद आवश्यकता अनुसार नवीकरण गर्न सकिनेछ ।

मुसिकोट राजपत्र

(३) माथि उपदफा (२) मा जुनसुकै कुरा लेखेको भए तापनि कार्य सम्पादन स्तर संतोषजनक नरहेको नगर प्रहरीको करार म्याद कार्यालयले नवीकरण गर्ने छैन ।

११. **तालीमः** कार्यालयले नगर प्रहरीलाई समय समयमा आवश्यक सुरक्षा सम्बन्धी तथा अन्य तालीमको व्यवस्था गर्न सक्नेछ ।

१२. **अंगरक्षकको रुपमा कार्य गर्ने** ः कार्यालयले आवश्यक ठानेमा नगर प्रहरीलाई प्रमुख, उप प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतको अंगरक्षकको रुपमा कार्य गर्ने गरी खटाउन सक्नेछ ।

१३.**प्रतिवेदन** ः नगर प्रहरीले गरेको कार्य सम्पादनको साप्ताहिक एवं मासिक प्रतिवेदन नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत् प्रमुख समक्ष पेश गर्नेछ ।

१४. **छानबीन** ः नगर प्रहरीले कानून विपरीत वा बद्नियतपूर्वक कार्य गरेको भनी कार्यालयमा उजूरी वा गुनासो पेश हुन आएमा सो उपर प्रमुख प्रशासकीय अधिकृतले छानबीन गर्न गराउन र आवश्यक कारवाही गर्न सक्नेछ ।

१५. **सजाय, कारवाही तथा बर्खास्तीः** कुनै नगर प्रहरीले प्रचलित कानून वा नगरपालिकाको निर्णय, नीति नियम विपरितको कार्य गरेमा वा बदनियतपूर्वक कार्य गरी नगरपालिकालाई हानी नोक्सानी पु¥याएमा वा आचरण सम्बन्धी कुरा पालन नगरेको वा अनुशासनहीन कार्य गरेमा वा नगरपालिकाको कामको सिलसिलामा कार्यालयले दिएको आदेश÷निर्देशनको पालन नगरेमा निजललाई नसिहत दिन, पद घटुवा गर्न वा अन्य आवश्यक सजाय वा कारवाही गर्न वा जुनसुकै बखत निजलाई प्रमुख प्रशासकीय अधिकृतले सेवाबाट हटाउन सक्नेछ ।

१६. **पुरस्कारः** प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने नगर प्रहरीलाई कार्यालयले उचित ठ¥याएको पुरस्कार दिन सक्नेछ ।

मुसिकोट राजपत्र

१७. **कार्य सञ्चालन प्रक्रियाः** कार्यालयले नगर प्रहरीको कार्य सञ्चालन प्रक्रिया (Standard Operation Procedure ) बनाई लागू गर्न सक्नेछ ।

१८. **दमकल कर्मचारी सम्बन्धी व्यवस्थाः (१)** नगरपालिकाका दमकल कर्मचारी नगर प्रहरी प्रमुखको मातहत रही कार्य गर्नेछन् ।

(२) दमकल कर्मचारी सम्बन्धी अन्य व्यवस्था कार्यालयले तोके बमोजिम हुनेछ । कार्यालयल दमकल सञ्चालन सम्बन्धी कार्य सञ्चालन प्रक्रिया (Standard Operation Procedure ) बनाई लागू गर्न सक्नेछ ।

१९. **नियम, निर्देशिका,कार्यबिधि बनाउन सक्नेः** नगर प्रहरी ऐनको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, निर्देशिका,कार्यबिधि बनाउन सक्नेछ ।

**प्रमाणिकरण मिति : २०७५।०३।३०**

**आज्ञाले,**
**घनश्याम न्यैपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

---

**मूल्य रू.२०**

मुसिकोट राजपत्र